नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
# प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम
## (PLGSP)
## कार्यक्रम समन्वय इकाई

पत्र संख्याः ०७७/७८
च.नं.: ११२.

सिंहदरबार, काठमाडौं
मितिः २०७७/८/१७

श्री महा/उप-महा/नगरपालिकाहरू सबै ।

श्री गाउँपालिकाहरू सबै ।

**बिषय: 'आधार सर्भेक्षण' (Baseline Survey) कार्यमा सहयोग र समन्वय सम्बन्धमा ।**

यस प्रदेश तथा स्थानीय शासन सहायोग कार्यक्रम (PLGSP) को आ.व २०७७/७८ को बार्षिक कार्ययोजना अन्तर्गत कार्यक्रमको 'आधार सर्भेक्षण' (Baseline Survey) गर्ने कार्यक्रम रहेको र यो कार्यको आरम्भ भैसकेको सहर्ष जानकारी गराउन चाहन्छु । 'आधार सर्भेक्षण (Baseline Survey) को आधारमानै भविष्यमा कार्यक्रमले हासिल गर्ने प्रतिफलको लेखाजोखा हुने भएकोले यस कार्यलाई विशेष प्राथमिकतामा राखिएको छ ।

आधार सर्भेक्षण (Baseline Survey) को सम्पूर्ण कार्यलाई सेकेण्डरी सूचना संकलन (Secondary Information Collection) र पर्सेप्सन सर्भे (Perception Survey) गरि दुई भागमा छुट्टाछुट्टै प्रक्रिया द्वारा संचालनगर्न लागिएको छ । सूचना संकलनलाई सहज र सरल बनाउन अनलाईन फाराम विकास गरिएको छ । यसका लागि http://bit.ly/Plgsp-baselinesurvey लिंकमा सुचना संकलन गर्ने विधि र प्रक्रिया सहितको अनलाईन फाराम, मार्गदर्शन र अन्य आवश्यक सन्दर्भ सामाग्री समावेश गरिएको छ ।

यस कार्यको लागि तहाँबाट सम्पर्कको लागि सम्बन्धित कर्मचारी तोकी निर्दिष्ट सुचनाहरु प्रविष्ट गरि आधार सर्भेक्षण (Baseline Survey) कार्यमा सहायोग गरिदिनु हुन अनुरोध छ । साथै सूचना संकलन गर्ने, सुचना प्रविष्टि कार्यमा संलग्नहुने कर्मचारीलाई सम्बन्धित प्रादेशिक कार्यक्रम कार्यान्वयन ईकाई (PPIU) द्वारा आवश्यक समन्वय, विधि र प्रक्रियाबारे अनुशिक्षण दिईने व्यवस्था समेत मिलाईएको व्यहोरा समेत अनुरोध गर्दछु । यस कार्यलाई प्रभावकारी रुपमा संचालनगर्न आवश्यक निर्देशन, समन्वय र सहजीकरण गरिदिनको लागि अनुरोध गर्दछु ।

.....................................
(चिरन्जिवी तिम्सिना)
राष्ट्रिय कार्यक्रम व्यवस्थापक

बोधार्थः
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सूचना तथा प्रविधि शाखा, सिंहदरबार । - ***मन्त्रालयको Website मा प्रकाशन गरिदिनु हुन ।***

फोनः ४२५७३८९, ४२५७३६३, ४२५७५९६, फ्याक्स नं.: ९७७-०१-४२५६२४८, वेब साईटः www.plgsp.gov.np
इमेलः mail@plgsp.gov.np